॥श्री॥

# झापा जिल्ला अदालत

## भद्रपुर, झापा

### (तहसिल शाखा)

पत्र संख्या :-०८१/०८२
चलानी नं :-TH/
प्राप्त प.सं. र मितिः-

फोन नं. :--०२३-४५२०८९, ४५२७३१
E-mail :- tahasil.dcjhapa@supremecourt.gov.np
Website:- www.supremecourt.gov.np
भद्रपुर, झापा, कोशी प्रदेश, नेपाल ।

<u>दशीका सवारी साधन लिलाम बिक्री सम्बन्धी १५ दिने जरुरी सूचना ।</u>

प्रथम पटक प्रकाशित मितिः २०८१/१/५

झापा जिल्ला अदालतमा विभिन्न मुद्दामा विभिन्न मितिमा दशीका रूपमा पेश भई यस अदालतबाट प्रकाशित फिर्ताको सूचना बमोजिम धनी फिर्ता लिन नआएका तथा नियमानुसार लिलाम गर्न मिल्ने सवारी साधन लिलाम गरी धरौटीमा आम्दानी बाँध्नु पर्ने भएकाले यस अदालत परिसरमा रहेका उपर्युक्त सवारी साधनहरुको जिल्ला अदालत नियमावली, २०७५ को नियम ९२ को कार्यविधि पूरा गरी डाक लिलाम गर्ने प्रयोजनार्थ ऐ. नियमावलीको नियम ९२ (५) बमोजिम गरिएको प्राविधिक मूल्याङ्कन मिति २०८१।११।१८ गते बसेको झापा जिल्ला अदालत जिन्सी मालसामान मूल्याङ्कन समितिको बैठक अनुसार सदर भई झापा जिल्ला अदालतका प्रमुख न्यायाधीश ज्यूबाट सूचना प्रकाशन गर्ने अनुमती प्राप्त भए अनुसार निम्न बमोजिमका सवारी साधनहरु जे जस्तो अवस्थामा छन सोही अवस्थामा लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, फर्म संस्था वा कम्पनीहरुले प्रथम पटक यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र सिलबन्दी दरभाउपत्रको माध्यमबाट जिल्ला अदालत नियमावली, २०७५ को नियम ९२ को कार्यविधि पूरा गरी डाक लिलाम गर्ने पर्योजनार्थ ऐ. नियमावलीको नियम ९२ (५) बमोजिम गठित मूल्याङ्कन समितिबाट कायम भएको न्यूनतम मूल्याङ्कनलाई आधार मानेर दर्ता हुने/नहुने निम्न सवारी साधनहरू तपसिलमा उल्लेखित शर्तमा लिलाम विक्री गर्न सिलबन्दी दरभाउपत्रको लागी यो सूचना प्रकाशन गरिएको छ।

**पालना गर्नुपर्ने शर्तहरुः-**

१. सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातहरू यस अदालतबाट खरिद गर्न निवेदनका साथ व्यक्ति भए नागरिकताको प्रतिलिपि र फर्म था कम्पनी भए नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, गत आ.व. सम्मको कर चुक्ता प्रमाणपत्र, मु.अ.कर वा स्थायी लेखा नं, प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपी सहित रु १,०००/- फिर्ता नहुने गरी झापा जिल्ला अदालतको राष्ट्रिय वाणिज्य बैंकको खाता नं. १०००१००२०००१००००, कार्यालय कोड २०४९७१२०१ को राजध शीर्षक नम्बर १४२२१ (अन्य प्रशासनिक सेवा शुल्क) मा जम्मा गरेको सक्कलै भौचर संलग्न गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समयसम्ममा व्यक्ति फर्म वा कम्पनीले आफूले खरिद गरेको सिलबन्दी दरभाउपत्रमा आफूले सवारी साधनलाई कबोल गरेको अंक सहित सिलवन्दी दरभाउपत्र १५औ दिनको कार्यालय समयभित्रमा यस कार्यालयमा साझेदारी फर्म भए आधिकारिक प्रतिनिधि, अन्यको हकमा प्रोपाईटर र व्यक्ति भए स्वयंले सहिछाप गरी खाम बाहिर सम्बन्धित व्यक्ति/कम्पनीको नाम, ठेगाना, सम्पर्क नम्बर उल्लेख गरि दर्ता गर्नुपर्नेछ।

२. व्यक्ति र फर्म वा कम्पनीले सिलबन्दी दरभाउपत्रमा सम्बन्धित सवारी साधनको न्यूनतम मूल्याङ्कनको १० (दश) प्रतिशत रकम धरौटी बापत यस अदालतको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंकको धरौटी खाता नं. २२१०१००१०२०३०००००, कार्यालय कोड २०४९७१२०१ मा जम्मा गरेको सक्कलै भौचर र व्यक्ति भए नागरिकताको प्रतिलिपि र फर्म वा कम्पनी भए नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, गत आ.व. सम्मको कर चुक्ता प्रमाणपत्र मु.अ. कर या स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि समेत पेश गर्नपुर्नेछ।

३. आफूले कबोल गरेको मूल्य अंक र अक्षरमा स्पष्ट रूपमा लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक भएमा अक्षरलाई मान्यता दिईनेछ।

४. लिलाम भएका सवारी साधनको दर्ता/नामसारी कानुन अनुसार हुनेछ। सवारी साधनहरू यातायात व्यवस्था कार्यालय तथा अन्य निकायमा दर्ता गर्ने प्रयोजनका लागि साग्ने सम्पूर्ण दस्तुर तथा करहरू लिलाम सकार गर्ने व्यक्ति/फर्म स्वयंले व्यहोर्नुपर्नेछ।

५. कार्यालयमा पेश हुन आएका सम्पूर्ण सिलबन्दी दरभाउपत्र लिलामको सूचना प्रथम पटक प्रकाशित मितिले १६औं दिनको २:०० बजे यस कार्यालयमा सम्बन्धित व्यक्ति र फर्म वा कम्पनीको प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ, तर सिलबन्दी दरभाउपत्रदाता या प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

६. सिलबन्दी दरभाउपत्र खरिद गर्ने र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ।

७. सिलबन्दी दरभाउपत्रद्वारा पेश गरेको सबैभन्दा बढी मूल्य कबूल गरेको दरभाउपत्र स्वीकृत गरिनेछ र सम्झौता भएको ७ (सात) दिनभित्र सम्बन्धित दरभाउपत्रदाताले बोलकबोल गरेको रकम र मूल्य अभिवृद्धि कर समेत बैंक दाखिला गरी सामान उठाइ लैजानुपर्नेछ। दर्ता नहुने सवारी साधनको इञ्जिन नं. च्यासिस नं. आफ्नै खर्चमा काटी बुझाउनुपर्नेछ।

८. सबैभन्दा बढी कबोल गर्नेले ७(सात) दिन भित्रमा बाँकीं रकम नबुझाएमा क्रमशः दोस्रो, तेस्रो बढी कबोल गर्ने व्यक्तिले सवारी साधन सकार गरी लिन पाउनेछ।

९. विभाजित समूहमा उल्लिखित दर्ता हुने सवारी साधनका लागि एकमुष्ट वा छुट्टाछुट्टै सिलबन्दी दरभाउपत्र समेत पेश गर्न सकिने तर दर्ता नहुने सवारीका हकमा एकमुष्ट रुपमा सिलबन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ।

१०. सूचनामा उल्लेखित वाहेकका अन्य विषय प्रचलित कानुन बमोजिम हुनेछ ।

११. व्यक्ति र कम्पनी वा फर्मले लिलाम विक्री हुने सवारी साधनहरू सम्बन्धी केही बुझ्न चाहेमा झापा जिल्ला अदालतको तहसिल शाखामा बुझ्न सकिनेछ।

१२. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

**तपशिल**

**समूह (क)**

| क.सं. | जिन्सी नं. | सवारीको किसिम | सवारी साधन | इन्जिन नं. | च्यासिस नं. | बनेको साल | न्यूनतम कायम मूल्य रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २२३६ | मोटरसाईकल | मे९प२०८०, Pulsar 220 cc | DKYCHA12812 | MD2A13EY4HCA3457[illegible] | २०१७ | रू.३०,०००।- | दर्ता हुने |
| २ | १३५५ | स्कुटर | मे८प ४८२९,Yamaha Fascino | E3N8E0266209 | ME1SE77FSG0179490 | २०१६ | रू.२५,०००।- | दर्ता हुने |
| ३ | २०५२ | मोटरसाईकल | मे८प९७६६,Bajaj NS 200 | JLYCHL05686 | MD2A36FY7HCL10131 | २०१७ | रू.५०,०००।- | दर्ता हुने |
| ४ | २११८ | मोटरसाईकल | मे९प३१६६,TVS Apache 160 | OE4EH2140912 | MD634KE44H2E38010 | २०१७ | रू.४०,०००।- | दर्ता हुने |
| ५ | २५१९ | मोटरसाईकल | प्र१ ०१ १४ प १०५७ Bajaj Pulsar 220 | DKYCJA28979 | MD2A13EY0JCA29304 | २०१८ | रू.४५,०००। | दर्ता हुने |
| ६ | १७२० | मोटरसाईकल | को.२१.प.२९७६ Yamaha FZS | G3C8E0127731 | ME1RG0723F007662 | २०१५ | रु.२५,०००।- | दर्ता हुने |
| ७ | १[illegible]८७ | मोटरसाईकल | मे.१०.प.६३०Royal Enfield | U3S5C1HL204677 | ME3US5C1HL218343 | २०१८ | रू.७०,०००।- | दर्ता हुने |
| ८ | २०६० | मोटरसाईकल | मे.८.प.३४२८ Bajaj Pulsar 150 | DHZWGF05130 | MD2A11CZXGWF36757 | २०१६ | रु.२५,०००।- | दर्ता हुने |
| ९ | २८९८ | मोटरसाईकल | मे.७.प.८६५ ३Bajaj Pulsar 150 | DHZWGM75869 | MD2A11CZ4GWM11307 | २०१६ | रु.२५,०००।- | दर्ता हुने |
| १० | २२२० | मोटरसाईकल | मे.८.प.१६४Bajaj Pulsar 150 | DHZWGA06048 | MD2A11CZ0GWA39290 | २०१६ | रु. ३०,०००।- | दर्ता हुने |
| ११ | २०३९ | मोटरसाईकल | प्र१ ०१ १३ प २७०१ Royal Enfield | U3S5C1LCK361695 | ME3U3S561LK727556 | २०२० | रु. ९५,०००।- | दर्ता हुने |
| १२ | १८२८ | स्कुटर | बा.८१.प.६२४०Honda Dio | JF39E71333101 | ME4JF399G7061385 | २०१६ | रु. ३०,०००।- | दर्ता हुने |
| १३ | २८०० | मोटरसाईकल | प्र१ ०१ ०१५ प ३७६७ Yamaha FZ150 | G3J3E0563762 | ME1RG441AM0095587 | २०२१ | रु. ९०,०००।- | दर्ता हुने |
| १४ | २९६० | मोटरसाईकल | मे.८.प.१८० Bajaj Pulsar150 | DHZWGB11584 | MD2A11CZ3GWB04150 | २०१६ | रु. ३०,०००।- | दर्ता हुने |
| १५ | २९६० | स्कुटर | मे.११.प.७३९४ NTORQ125 | AG7DK2607993 | MD626AG72K2D08712 | २०१९ | रु. ४५,०००।- | दर्ता हुने |
| १६ | २५६१ | मोटरसाईकल | प्र१ ०१ १३प ६९१५ FZS150 | G3J3ED526566 | ME1RG4459L0073791 | २०२० | रु. ७५,०००।- | दर्ता हुने |
| १७ | १४०७ | मोटरसाईकल | मे९प४२४८,Bajaj Pulsar NS 200 | JLYCHB43915 | MD2A36FY3HCB46198 | २०१७ | रू.४५,०००।- | दर्ता हुने |
| १८ | ३१२४ | मोटरसाईकल | बा.९१.प.७४६५ KTM RC 200 | 7906*10483* | MD2JUCYH6HC005387 | २०१७ | रु. ७५,०००।- | दर्ता हुने |
| १९ | ३१२४ | मोटरसाईकल | बा.प्र. ०२ ०४७ प ४७१७ Bajaj Pulsar 150 | DHXPPE94962 | MD2A11CX6PPE31585 | २०२३ | रु. ९८,०००।- | दर्ता हुने |
| जम्मा मूल्य VAT वाहेक | | | | | | रु. ९४८०००।- | | |
| २० | मोटरसाईकल थान-२४, स्कुटर थान-७ र मारुती भ्यान थान-१ कवाडी/पत्रु (SCRAP) सवारी साधन | | | | | रु. २,१०,५००/-(भ्याट वाहेक) | | दर्ता नहुने |